Ref. N-100/015-17 GoN Registration No. : 01-2070/71

**प्रेस विज्ञप्ति**

**हार्दिक बधाइ तथा शुभकामना!**

१२ औं दक्षिण एशियाली खेलकुद(साग) अन्तर्गत फुटवलमा स्वर्ण पदक जित्न सफल भएकोमा नेपाली फुटवल टीमलाई गैरआवासीय नेपाली संघ हार्दिक बधाई ज्ञापन गर्दछ ।

नेपाली फुटवल टीमको साहसिक र रोमाञ्चक प्रर्दशनले लामो समयदेखि निराशामा रहन बाध्य नेपाली समाजलाई केही उत्साह प्रदान गर्न सफल भएको हामीले विश्वास लिएका छौं ।

साथै सागमा सहभागी भई नेपालका लागि ३ स्वर्ण, २३ रजत र २९ कास्यसहित ५५ पदक जित्न सफल हुनुहुने सवै बिधाका खेलाडीलाई उहाँहरुको महत्वपूर्ण योगदानका लागि संघ हार्दिक बधाई ज्ञापन गर्दछ ।

गैरआवासीय नेपाली संघले मुलुकमा खेलकुदको विकासका लागि हालै नेपाल ओलम्पिक कमिटि लगायतका निकायसाग सम्झौता गरी नेपाली खेल प्रतिभाको विकासका लागि सहकार्य थालेको यस अबसरमा स्मरण गर्न चाहान्छौं ।

आगामी दिनमा नेपालको खेदकुद क्षेत्रको विकासका लागि संघले सक्दो सहयोग गर्ने वाचा गर्दै मातृभूमीका लागि खेल्नु भएका र पदक जित्न सफल हुनुभएका सवै खेल प्रतिभाहरुको उत्तरोत्तर प्रगतिको कामना गर्दैछौं ।

रञ्जु वाग्ले थापा
प्रवक्ता
अन्तराष्ट्रिय समन्वय परिषद्
गैरआवासीय नेपाली संघ

मिति: २०७२ फागुन ४ गते